नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
प्रशासन शाखा

☎ ५२०१२१
५२००३२
फ्याक्स ५२००९९

सं.: ०७७/०७८ (स.)
च.नं.: २०२६

मिति: २०७७।०७।१२

**विषय: कोभिड-१९ संक्रमण जोखिम न्यूनीकरणकालागि सचेतना फैलाउन हुन।**

श्री स्थानीय तह सवै (१७) न.पा./गा.पा., सिरहा।

श्री नेपाल पत्रकार महासंघ, जिल्ला शाखा, सिरहा
तथा
संचार संस्थाहरु, सिरहा।

श्री उद्योग बाणिज्य सम्वद्ध संघ/संस्था- सबै, सिरहा।

श्री गैरसरकारी संस्था महासंघ, जिल्ला शाखा, सिरहा।

कोभिड-१९ संक्रमण जोखिम न्यूनीकरण गर्न जन स्वास्थ्य तथा सुरक्षाका मापदण्ड/प्रोटोकल पालना गर्नु गराउनु आम नागरिक तथा सरोकारवालाहरुको कर्तव्य हो।

केही समय यता आम सर्व साधारण भीडभाड बढ्ने गरि हिडडुल गर्ने, किनमेल गर्दा सावधानी नअपनाउने, हाटबजार जाने, पछि लिदा हुने सार्वजनिक सेवा पनि तुरुन्तै लिन जाने गरि भीडभाड बढाउने, सार्वजनिक यातायातको सेवामा पनि जन स्वास्थ्य एवम् सुरक्षाका मापदण्ड/प्रोटोकल पालना गर्न वेवास्ता गर्ने प्रवृति-कोभिड-१९ संक्रमण जोखिम बढाउन सहायक हुने देखिन आएको छ।

यस्तो संवेदनशिल विषयमा देहाय अनुसार नागरिक सचेतना बढाउन यहाँहरुको क्रियाशिलताकालागि आग्रह गर्दछु।

१. अति आवश्यक काम नपरी बाहिर नजाने, जानै परेमा ;
   - ➢ मास्क लगाउने।
   - ➢ सावुन पानीले मिचि मिचि हात धुने वा आवश्यक्ता अनुसार स्यानिटाईजरको प्रयोग गर्ने।
   - ➢ अर्को व्यक्ति सँग कम्तिमा पनि २ (दुई) मिटरको दुरी कायम गर्ने।

२. यस वर्षको दिपावली, छठ, कमला नदिमा लाग्ने पूर्णिमा लगायतका पर्व घर घरमै बसि मनाउने। मेला, नाचको आयोजना नगर्ने।

३. पछि लिए पनि हुने सरकारी/सार्वजनिक सेवा लिन हाल नजाने।

४. सार्वजनिक यातायात प्रयोग गर्दा जन स्वास्थ्य र सुरक्षाका मापदण्ड अवलम्वन गर्ने।

५. पसल/सेवा स्थलबाट सामान बेच्नेले ;
   - ➢ आफुले मास्क लगाउने।
   - ➢ मास्क नलगाउनेलाई सामान नबेच्ने वा मास्क लगाउन दिएर मात्र सामान बेच्ने।
   - ➢ आ-आफ्नो पसल/सेवा स्थलमा हात धुने सावुन पानि वा स्यानिटाईजरको व्यवस्था मिलाउने।
   - ➢ कम्तिमा पनि २ (दुई) मिटरको सामाजिक दुरी कायम गर्ने गराउने।

क्रमशः ............

प्रमुख जिल्ला अधिकारी



e-mail : daosiraha@gmail.com
facebook : facebook.com/sirahadao
website : daosiraha.moha.gov.np

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिरहा
प्रशासन शाखा

☎ ५२०१२१
५२००३२
फ्याक्स ५२००९९

सं.: ०७७/०७८ (स.)
च.नं.:

६. कोभिड-१९ को संक्रमण देखिएमा अरुबाट अलग भई आईसोलेसनमा बस्ने वा लक्षण देखिएमा अस्पताल वा चिकित्सकको सेवा लिने ।

उपरोक्त विषयमा वडा अध्यक्षको संयोजकत्वमा गठित अनुगमन समितिले दैनिक अनुगमन गरी प्रतिवेदन गर्ने ।

प्रदीपराज कणेल
प्रमुख जिल्ला अधिकारी

**बोधार्थ:**

श्री गृह मन्त्रालय
शान्ति सुरक्षा तथा अपराध नियन्त्र शाखा
सिंहदरवार, काठमाडौं ।

श्री कोभिड-१९ संकट व्यवस्थापन केन्द्र
छाउनी, काठमाडौं ।

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं. २, जनकपुरधाम, धनुषा ।

श्री जिल्ला प्रहरी कार्यालय, सिरहा : नियमन हुन ।

श्री सशस्त्र प्रहरी बल, नेपाल नं. ७ गण, हे.क्वा., सिरहा : नियमन हुन ।